# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल चैत २८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (छैठौं संशोधन) आदेश, २०७९ स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| २. | नुवाकोट जिल्ला, बेलकोटगढी नगरपालिका वडा नं.१० स्थायी ठेगाना भएका किरण प्रसाद गजुरेललाई प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा नियुक्त गर्ने । |
| ३. | प्रदेश भित्र सञ्चालन हुने साना यात्रुबाहक सार्वजनिक सवारी साधन र ट्याक्सीको दर्ता, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ जारी गर्ने। |
| ४. | चौतारा साँगाचोकगढी नगरपालिका-४, सिन्धुपाल्चोकका श्री रेवती प्रसाद सापकोटालाई सञ्चार रजिष्ट्रारको पदमा चार वर्षको कार्यकालका लागि मन्त्रिपरिषद्को निर्णय मिति देखि लागू हुने गरी नियुक्त गर्ने। |
| ५. | प्रदेश सञ्चार माध्यम व्यवस्थापन (चौथो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| ६. | प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्नका लागि स्वीकृति प्रदान गर्ने । |
| ७. | मन्त्रीको सरकारी आवास मर्मत सम्भार तथा सजावट सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| ८. | प्रदेश उच्च शिक्षा नियमावली, २०७९ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल चैत १५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | स्वास्थ्य कार्यालय, मकवानपुरको प्रमुख पदमा पदाधिकार रहि स्वास्थ्य कार्यालय, काठमाडौंमा स्वास्थ्य सेवा हेल्थ ईन्स्पेक्सन समूह अधिकृत दशौं तहमा कामकाजमा कार्यरत श्री बसन्त अधिकारी (क.सं.नं.१८९७१६)लाई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २३ को उपदफा (१) बमोजिम स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र हेटौंडाको निर्देशक(विभागीय प्रमुख)को पदमा कायम मुकायम मुकरर गर्ने। |
| २. | प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०७४ को दफा २९ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्री माननीय गंगा नारायण श्रेष्ठलाई प्रदेश सरकारको प्रवक्ता तोक्ने। |
| ३. | १.सम्वत् २०८० साल वैशाख देखि प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय, आयोग, समिति, सचिवालय, बोर्ड, परिषद् र मातहतका निकायहरूमा लिखित हाजिरी पुस्तिका प्रतिस्थापन गरी अनिवार्य विद्युतीय हाजिरीको प्रयोग गर्ने।<br>२.विद्युतीय हाजिरीको प्रयोग सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुगमन गर्ने र प्रयोग भएको नपाईएमा जिम्मेवार पदाधिकारीलाई विभागीय कारबाही गर्ने। |
| ४. | गोलन्जोर गाउँपालिका वडा नं.७ सिन्धुली स्थायी ठेगाना भएका प्रा. डा. श्री नरविक्रम थापालाई प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा नियुक्त गर्ने। |
| ५. | बागमती प्रदेश सरकारका खारेजी एवम् गाभिएका तत्कालीन मन्त्रालयहरूमा जिम्मेवारी रही हाल फाजिलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा हाजिर गरेका रा.प. प्रथम श्रेणीका अधिकृतहरूलाई पद व्यवस्थापनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा हाजिर हुन पठाउने। |
| ६. | क) बागमती प्रदेशमा सबै सरकारी कार्यालय तथा सार्वजनिक निकायको लागि सम्बत् २०८० सालको सार्वजनिक पर्व बिदा (सङ्घीय सरकारले निर्धारण गरेको बिदाका अतिरिक्त) देहाय बमोजिम घोषणा गर्ने :<br>१. न्वागी (छोनाम) पर्व - भाद्र २२ गते शुक्रबार (सो पर्व मनाउने सम्बन्धित समुदायलाई मात्र)।<br>२. लदी पर्व - फागुन १५ गते मंगलबार (प्रत्येक वर्षको फागुन महिनाको तेस्रो मंगलबार) बागमती प्रदेश भरका माझी समुदायलाई मात्र । |
| ७. | प्रदेश विपद् व्यवस्थापन गोदामघर सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने। |
| ८. | प्रदेश चिठ्ठा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्ने सिद्धान्त स्वीकृति प्रदान गर्ने। |
| ९. | "यसमा बकुलहर रत्ननगर अस्पतालको मातृशिशु भवन निर्माण गर्न बकुलहर रत्ननगर अस्पतालको नाममा विनियोजित बजेट प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको चितवन जिल्ला हेर्ने शहरी विकास कार्यालयको नाममा अख्तियारी दिई कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।" |
| १०. | सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।